नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेल: municipal@mld.gov.np

प.सं. २०७२/०७३
च.नं. ५·१·१२८

मिति : २०७२।०९।२६

**विषयः नव गठित २६ नगरपालिकाको संगठन संरचना र दरबन्दी खाका सम्बन्धमा ।**

**श्री २६ नगरपालिका कार्यालय ।**

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।६।१ को निर्णयबाट गठन भएका २६ वटा नगरपालिकाहरुमा रहने संगठन संरचना र दरबन्दी विवरण नगर परिषद्बाट स्वीकृत गराउनु पर्ने भएकोले यसैसाथ संलग्न संगठन संरचना र दरबन्दी विवरणको आधारमा स्वीकृत गरी कार्यान्वयन गर्नुहुन तपसील बमोजिमको निर्देशन सहित २६ नगरपालिकाहरुलाई लेखी पठाउने नेपाल सरकार (सचिवस्तर) को मिति २०७२।९।२३ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. नगरपालिकाको प्रशासकीय संगठन र कर्मचारी संख्या निर्धारण गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९-२५६ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१२-२१७ मा भएका कानूनी प्रावधानहरुलाई पालना गर्दै यसै साथ संलग्न प्रस्तावित दरबन्दी संख्या तथा तहलाई अधिकतम सिमा मानी नगरपालिकाले आफ्नो आन्तरिक स्रोत साधन, प्रशासनिक बजेटको परिधि, जनसंख्या, क्षेत्रफल तथा प्रशासनिक कार्यबोझका आधारमा नगरपरिषद्बाट स्वीकृत गराइ नगरपालिकाको संगठन संरचना र कर्मचारी दरबन्दी कायम गर्नुहुन ।

२. नगरपालिकामा स्थायी, करार, ज्यालादारी वा अन्य कुनै प्रकारले प्रकारले कर्मचारी पदपूर्ति मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नुहुन ।

३. स्थायी दरबन्दीहरु पूर्ति गर्दा पदपूर्ति समितिको बैठक राखी तोकिएको प्रक्रिया पुरा गरी गर्नुहुन साथै साविक गा.वि.स.मा कार्यरत स्थायी कर्मचारीहरुलाई मन्त्रालयबाट उपलब्ध गराइएको संरचनाको मिल्दोजुल्दो पदमा समाहित गरी बाँकी पदका लागि मात्र पदपूर्ति प्रक्रिया अगाडि बढाउनु हुन ।

४. फोहरमैला व्यवस्थापन Zero Landfill site को अवधारणा अनुरुप गर्नु पर्ने र सो कार्यका लागि कुनै पनि कर्मचारीहरु भर्ना नगर्नुहुन र फोहरमैला व्यवस्थापनको कार्य वार्षिक संस्थागत करारमा प्रतिस्पर्धात्मक रुपमा संस्थाहरु (गै.स.स., कम्पनी, अन्य दर्ता भएका संस्था) बाट आर्थिक तथा प्राविधिक प्रस्ताव लिई स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को प्रावधान अनुरुप छनौट गरी व्यवस्थापन गर्नुहुन ।

५. सवारी साधनको चालक नगरपालिकामा सवारी साधन दाखिला भएपछि मात्र प्रतिस्पर्धात्मक रुपमा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गरी सेवा करारमा लिई कार्य गर्नुहुन ।

६. कार्यालयमा अति आवश्यक पर्ने भएमा माली, फोटोकपी संचालन, बगैचा व्यवस्थापन, इलेक्ट्रीसियन, प्लम्बर, पाले, कार्यालय सहयोगी जस्ता कार्यहरुको लागि चालू खर्च तर्फ कार्यक्रम स्वीकृत गरी कानूनले तोकेको सिमा ननाघ्ने गरी पारिश्रमिक सम्झौता समेत गरी संस्थागत सेवा करारमा सेवा खरिद गर्ने र यस्ता कामको लागि कुनै नियमित दरबन्दीहरु सृजना नगर्नुहुन ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेल: municipal@mld.gov.np

७. मन्त्रालयको स्वीकृति बिना कुनै संगठन विकास (Organization Development) अध्ययन नगर्नु नगराउनुहुन ।

८. नगरपालिकाहरुले तत्काल नगरपालिकामा गाभिएका साविकका गाउँ विकास समितिको संख्यामा नबढ्ने गरी साविकका गाउँ विकास समितिको कार्यालय भवन रहेको स्थानमा संयुक्त वडा कार्यालयहरु स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुहुन ।

९. नगरपालिकाहरुले स्थानीय निकायको निर्वाचन नहुँदा सम्म कुनै पनि प्रकारको जनशक्ति पदपूर्ति गर्दा यस मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नुहुन ।

१०. दरबन्दी संरचनामा उल्लेख भएका पदहरु मध्ये प्राविधिक पदहरु (१. सिभिल ईन्जिनियर २. वि.आर्किटेक/स्ट्रक्चरल इन्जिनियर ३. वातावरण इन्जिनियर ४. सब इन्जिनियर ५. असिस्टेन्ट सव इन्जिनियर र ६. सर्भेयर) स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाका आधारमा वार्षिक सेवा करारमा लिई काममा लगाउनु हुन ।

११. मन्त्रालयबाट उपलब्ध गराइएको दरबन्दी संरचना अनुसार जनशक्ति वा सेवा करारमा लिंदा मन्त्रालयबाट उपलब्ध गराइने चालु खर्च तथा नगरपालिकाको आन्तरिक आय तर्फको प्रशासनिक खर्चको सिमालाई अनिवार्य रुपमा पालना गर्नुहुन ।

१२. यस सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयको नगरपालिका योजना तथा व्यवस्था शाखा (क) तथा (ख) मा सम्पर्क गर्नुहुन ।

(केशवराज पाैंडे)
शाखा अधिकृत

**बोधार्थ:**

श्री सुचना तथा विद्युतीय शासन शाखा: यस पत्रलाई मन्त्रालयको वेभ साइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।